# गलकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
गलकोट, बाग्लुङ

गण्डकी प्रदेश, नेपाल


प.स.:- ०७७।७८
च.नं.:- ३५

गलकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गलकोट बागलुङ गण्डकी प्रदेश २०७३

मिति : २०७७।०५।२३

विषय : सेनेटरी प्याड व्यवस्थापन गर्नका लागि सम्पर्क व्यक्ति तोकि जानकारी पठाउने सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिका विद्यालयहरु,

गल्कोट नगरपालिका, बागलुङ, ।

प्रस्तुत विषयमा, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको च.नं. १५१ मिति २०७६।०१।१४ गतेको पत्रानुसार सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनेटरी प्याड उपलब्ध गराउनका लागि बजेट समेत व्यवस्था भै आएकाले सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि , २०७६ बमोजिम कार्य सम्पादन गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल :

१. कार्यविधिको बुँदा नं. ३ :

विद्यालयका भर्ना भै पठन पाठनमा संलग्न छात्राहरुको IEMIS बमोजिमको तथ्यांक शिक्षा, युवा तथा खेलकुद शाखामा यथाशिघ्र उपलब्ध गराउने ।

२. कार्यविधिको बुँदा नं. ५ :

शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गरी विद्यालयलाई आवश्यक पर्ने सेनेटरी प्याड चौमासिकरुपमा भरपाई गरी विद्यालय लैजाने व्यवस्था मिलाउनु पर्ने छ ।

३. कार्यविधिको बुँदा नं. ६ :

शिक्षा, युवा तथा खेलकुद शाखावाट बुझिलिएको सेनेटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नु पर्नेछ र उक्त प्याड वितरणका लागि माध्यमिक (९-१२) र कक्षा ( ६-८ ) सञ्चालित आधारभुत तहमा कार्यरत सम्पर्क व्यक्ति (महिला शिक्षकहरु मध्येबाट १ जना) र अन्यको हकमा महिला शिक्षक वा सो नभएमा प्रारम्भिक वाल विकासका बाल शिक्षकहरुलाई सम्पर्क व्यक्ति तोकि सेनेटरी प्याड भण्डारण र वितरण कार्यको जिम्मेवारी दिनुपर्ने छ । साथै निजको मोवाइल नं. सहितको विवरण ०७७ असोज १० गते भित्र यस कार्यालयमा अनिवार्यरुपमा पठाउनु पर्नेछ । साथै सम्पर्क व्यक्तिले छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा १६ वटा सम्म सेनेटरी प्याड उपलब्ध गराउनु पर्नेछ र सो को अभिलेख राख्नुपर्नेछ ।

२०७७।०५।२३
नगर शिक्षा अधिकारी

क्रमश:

# गलकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
### गलकोट, बाग्लुङ

प.स.:-

च.नं.

गण्डकी प्रदेश, नेपाल

४. कार्यविधिको बुँदा नं. ९ :

प्रयोग भएका सेनेटरी प्याडहरुलाई वातावरणमा प्रतिकुल असर नपर्ने गरी दिगो विसर्जन गर्न विद्यालयको हाता भित्र खाल्डो खनि पुर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

५. कार्यविधिको बुँदा नं. १६ :

सामुदायिक विद्यालयमा सेनेटरी प्याडको प्राप्ति, सुरक्षित भण्डारण, वितरण, सदुपयोग र किशोरी स्वास्थ्य र प्रजनन् स्वास्थ्य सम्बन्धी सचेतनाका लागि देहाय वमोजिमको समिति निर्माण गर्नुपर्ने छ ।

क . प्रधानाध्यापक -संयोजक

ख . स्वास्थ्य जनसंख्या र वातावरण वा सामाजिक विषयका शिक्षक एक जना -सदस्य

ग . महिला शिक्षक -सदस्य

घ . प्रधानाध्यापकले तोकेको किशोरी छात्राहरुको प्रतिनिधि -२ जना सदस्य

ङ . विद्यालय रहेको क्षेत्रको स्वास्थ्य स्वयंसेविका -सदस्य

च. सम्पर्क व्यक्ति -सदस्य सचिव

६. कार्यविधिको बुँदा नं. २१ :

विद्यालयहरुले कार्यक्रम कार्यान्वयनको प्रगति विवरण चौमासिकरुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनु पर्ने छ ।

२०८० ।८ ।२३

(रुद्र नारायण सापकोटा )

उप-सचिव (दशौं तह)

नगर शिक्षा अधिकारी

बोधार्थ :

श्रीमान् नगर प्रमुखज्यू, ग.न.पा. , बाग्लुङ ।

श्री नगर उप-प्रमुखज्यू, ग.न.पा. , बाग्लुङ ।

श्री संयोजकज्यू, सामाजिक विकास समिति, ग.न.पा. , बाग्लुङ ।